बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

आज मिति २०८० आषाढ ५ गतेका दिन बेसीशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालको अध्यक्षतामा बसेको कार्यपालिकाको ४० (चालीसौं) औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ।

## उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | | श्री गुमानसिंह अर्याल |
| नगर उप-प्रमुख | | श्री पद्मा गुरुङ |
| प्रमुख प्रशासकीय अधिकृत | | श्री चेतनाथ अर्याल |
| कार्यपालिका सदस्य | वडा नं. १ | श्री दुर्गा वहादुर बुढाथोकी |
| ,, ,, | ,, २ | श्री मदन बहादुर राना |
| ,, ,, | ,, ३ | श्री चित्र बहादुर दर्नाई |
| ,, ,, | ,, ४ | श्री राम वहादुर गुरुङ |
| ,, ,, | ,, ५ | श्री इन्द्र वहादुर गुरुङ |
| ,, ,, | ,, ६ | श्री प्रकाश थापा |
| ,, ,, | ,, ७ | श्री ऋषिराम बस्नेत |
| ,, ,, | ,, ८ | श्री पवित्रा थापा राना |
| ,, ,, | ,, ९ | श्री खुसिजंग गुरुङ |
| ,, ,, | ,, १० | श्री गंगा वहादुर थापा |
| ,, ,, | ,, ११ | श्री शिव प्रसाद जोशी |
| ,, ,, | | श्री हिरालाल विश्वकर्मा |
| ,, ,, | | श्री श्रीनाथ दुलाल |
| ,, ,, | | श्री कल्पना थापा बोहरा |
| ,, ,, | | श्री विमला न्यौपाने अधिकारी |
| ,, ,, | | श्री सुकमाया गुरुङ |
| ,, ,, | | श्री सुकमाया घर्ती |
| ,, ,, | | श्री मनिता परियार |

## सहजकर्ता कर्मचारीहरूको उपस्थिति

| | |
|---|---|
| योजना / प्रशासन शाखा प्रमुख | श्री शम्भु प्रसाद घिमिरे |
| आर्थिक प्रशासन शाखा प्रमुख | श्री सृजना पौडेल |
| सामाजिक वि. शाखा प्रमुख | श्री महेन्द्र पोखरेल |
| राजश्व शाखा प्रमुख | श्री सुशिला श्रेष्ठ |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०३/०९ गतेको बैठक

# बेसीशहर नगर कार्यपालिकाको कार्यालय
## लमजुङ, गण्डकी प्रदेश, नेपाल

**नगर कार्यपालिकाको मिति २०८१/०३/०९ गतेको बैठकका प्रस्तावहरु**

१. आ.व.२०८१/८२ को नीति, कार्यक्रम तथा बजेटका सम्बन्धमा ।
२. आ.व.२०८१/८२ को आय-व्यय सम्बन्धमा ।
३. आर्थिक विधेयक २०८१ को सम्बन्धमा ।
४. विनियोजन विधेयक २०८१ का सम्बन्धमा ।
५. नगरस्तरीय र वडास्तरीय योजना तथा कार्यक्रमको सम्बन्धमा ।
६. नगरसभाको सञ्चालन विधि सम्बन्धमा ।
७. प्राकृतिक श्रोत उपयोग करको ठेक्का संशोधन सम्बन्धमा ।
८. विविध
   - पार्किङ शुल्क सम्बन्धमा ।
   - मापदण्ड सम्बन्धमा ।

## बैठकका निर्णयहरु

**निर्णय नं १ : आ.व.२०८१/८२ को नीति, कार्यक्रम तथा बजेटका सम्बन्धमा ।**

आगामी आर्थिक बर्ष २०८१/८२ को बार्षिक नीति, कार्यक्रम तथा बजेट (अनुसूची १ वमोजिमको) पारित गरी मिति २०८१/०३/१० गते आह्वान गरिएको नगरसभाको १५ औं अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं २ : आ.व.२०८१/८२ को आय-व्यय सम्बन्धमा ।**

आगामी आ.व. २०८१/८२ को अनुमानित शिर्षकगत आय विवरण तथा क्षेत्रगत व्यय विवरण (अनुसूची-२ वमोजिमको) स्वीकृत गरी नगरसभाको १५ औं अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ३ : आर्थिक विधेयक २०८१ को सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको आगामी आ.व. २०८१/८२ को करका दर तथा राजश्व परिचालनका लागि बेसीशहर नगरपालिकाको आर्थिक विधेयक २०८० (अनुसूची-३ वमोजिमको) नगरसभाको १५ औं अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०३/०९ गतेको बैठक

**निर्णय नं ४ : विनियोजन विधेयक २०८१ को सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको आगामी आ.व. २०८१/८२ का लागि सञ्चित कोषबाट खर्च गर्ने तथा एक शिर्षकबाट अर्को शिर्षकमा रकमान्तर गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन विधेयक २०८१ (अनुसूची-४ वमोजिमको) नगरसभाको १५ औं अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ५ : नगरस्तरीय र वडास्तरीय योजना तथा कार्यक्रमको सम्बन्धमा ।**

आगामी आ.व.२०८१/८२ को नगरस्तरीय तथा वडास्तरीय कार्यक्रम, सशर्ततर्फका कार्यक्रमहरुको सम्बन्धमा संघीय र प्रदेश सरकारका बार्षिक कार्यक्रमहरु समेत अध्ययन गरी असार १० गते पश्चात बस्ने कार्यपालिका बैठकबाट पारित गरी १५ औं नगरसभा अधिवेशनको आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ६ : नगरसभाको सञ्चालन विधि सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को बार्षिक नीति, कार्यक्रम तथा बजेट तथा आर्थिक र विनियोजन विधेयक नगर उपप्रमुख मार्फत नगरसभा समक्ष प्रस्तुत गर्ने साथै सहजकर्ता आवश्यक नपर्ने गरी सिधै नगरप्रमुखबाट सभाको कामकारवाही शुरु गर्ने विधि मार्फत प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं ७ : ढुंगा,गिटी, बालुवाको ठेक्का सम्बन्धमा ।**

ढुंगा, गिटी, बालुवाको ठेक्का बन्दोबस्ती सम्बन्धी मिति २०८१/२/२३ को नगर कार्यपालिका बैठकको निर्णयमा देहायका घाटहरुको सम्बन्धमा प्रस्तावित ठेक्का अंक फरक परेकोले देहाय वमोजिम हुने गरी संशोधन गर्ने र अन्यको हकमा मिति २०८१/०३/०५ को कार्यपालिका बैठकको निर्णयलाई समेत यथावत राखी सोही आधारमा बोलपत्र सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

देहायः

| क्र. सं | नदी/ खोला | उत्खनन् गरिने घाटको नाम तथा क्षेत्र | वडा नं. | ल. (मि) | चौ. (मि) | उ. (मि) | उत्खनन् योग्य परिणाम | प्रस्तावित ठेक्का रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | मर्स्याङदी | **बेलौती बिसौना खण्ड** (मालेवगर भलामखोलादेखि बेलौती बिसौना हुँदै पुवाखोला दोभानसम्म) | ६ | ७०० | २५ | १ | ८७५० | २७,८२,००० |
| १६ | मर्स्याङदी | **गैरी क्याम्पस मुनी खण्ड** (गैरी क्याम्पस मुनी घुम्तीदेखि झोलुङ्गे पुलमाथिको भाग) | २,११ | १८० | ८० | ४ | २८८०० | ९१,५५,००० |
| १८ | मर्स्याङदी | **कडेनी खण्ड** (सिमलको रुखमुनीको घुम्तीदेखि तल क्रसर उद्योग मुनी पारीपट्टीको भाग) | ११ | ८० | २५ | ३ | ३००० | ९,५५,००० |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०३/०९ गतेको बैठक

| क्र. सं | नदी/ खोला | उत्खनन् गरिने घाटको नाम तथा क्षेत्र | वडा नं. | ल. (मि) | चौ. (मि) | उ. (मि) | उत्खनन् योग्य परिणाम | प्रस्तावित ठेक्का रकम |
|---|---|---|---|---|---|---|---|---|
| १९ | मर्स्याङदी | **आकासे भीरको डिलमुनीको भाग** (क्रसर उद्योग मुनीदेखि चिप्लेटीको पुल माथिको भाग) | १ | २२५ | ८० | ५ | ४५००० | १,४४,००,००० |

**निर्णय नं ८ : पार्किङ शुल्क सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ७ स्थित सहजी बसपार्कमा सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत उठाउने पार्किङ शुल्कको लागि हाल सवारी साधनको संख्या बढ्दै गएको स्थितिमा गत बर्षको न्यूनतम अंकमा रु. ५० हजार बढाइ न्यूनतम अंक रु. २ लाख ५० हजार कायम गरी ठेक्का सूचना निकाल्ने निर्णय गरियो ।

**निर्णय नं ९ : मापदण्ड सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ८ स्थित आहालेमूलबाट बुद्ध मेमोरियल जाने सडक अत्यन्तै छोटो समेत भएबाट सो सडकको मापदण्ड सेटब्याक बाहेक ४ मिटर कायम राख्ने निर्णय गरियो ।

**निर्णय नं १० : परामर्श सेवा सम्बन्धमा ।**

बेसीशहर नगरकार्यपालिकाको मिति २०८०/५/१० गतेको बैठकको निर्णय नं १० अनुसार गठित कानून निर्माण तथा संशोधन समितिका संयोजक श्री बुद्धिसागर बरालले बेसीशहर नगरपालिकालाई आवश्यक पर्ने कानून निर्माण तथा मौजुदा कानूनको समय सापेक्ष संशोधनको लागि अध्ययन गरी सुझाव सहितको प्रतिवेदन तयार गरी पेश गर्नु भएकोले उक्त कार्य गरेवापत निजलाई परामर्श सेवा शिर्षकबाट कर सहित रु.३०,०००-(तीस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ११ : अतिरिक्त समयमा खटिने कर्मचारीहरुको सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको बार्षिक नीति, कार्यक्रम तथा बजेट तयार गर्ने सन्दर्भमा तथा सम्पन्न आयोजना/कार्यक्रमको भुक्तानी कार्यमा जेष्ठ र असार महिनामा कार्यालय समयको अतिरिक्त साँझ विहान खटिने निश्चित कर्मचारीहरुलाई प्रोत्साहन पारिश्रमिक उपलब्ध गराउने र यस सम्बन्धी कार्यको जिम्मेवारी नगरप्रमुखलाई दिने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख